लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## लुम्बिनी प्रदेश सरकार

## मिति २०८२/१०/०७ गतेको १६४ औं सचिव बैठकका निर्णयहरु:

१. मिति २०८२ माघ ५ गते बसेको नेपाल सरकार सचिव बैठकका निर्णयहरूको जानकारी प्राप्त गरी प्रदेश सरकारका मन्त्रालयले कार्यान्वयन गर्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित प्रतिवेदन पेश गर्ने।

२. लुम्बिनी प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालयको आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रमको प्रगति विवरण र अर्धवार्षिक समीक्षाका लागि आ-आफ्नो मन्त्रालयको भौतिक तथा वित्तीय विवरण तयार गर्ने।

३. निर्वाचन आयोगबाट जारी भएको "निर्वाचन आचार संहिता, २०८२" पूर्ण परिपालना गर्ने, गराउने। साथै, आगामी २०८२ फागुन २१ गते सम्पन्न हुन गईरहेको प्रतिनिधि सभाको निर्वाचनको कार्यक्रमलाई सफल बनाउन आवश्यक समन्वय र सहजीकरण गर्ने, गराउने।

४. संवैधानिक निकायका वार्षिक प्रतिवेदनमा दिइएका आ-आफ्नो निकायसँग सम्बन्धित सुझावहरूको कार्यान्वयन गर्ने।

५. प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट आ.व. ०८१/०८२ को आन्तरिक लेखा परीक्षण गर्दा देखिएका/ औंल्याएका आ-आफ्ना निकायसँग सम्बन्धित विषयहरूको बारेमा समयमै सम्बोधन गरी आर्थिक अनुशासन कायम गर्ने। साथै बेरूजु फछ्यौंटको कार्यलाई उच्च प्राथमिकता दिने।

६. प्रदेश मन्त्रालय र मातहतका निकायहरूको संगठन व्यवस्थापन सर्भेक्षण कार्य भैरहेको हुँदा आ-आफ्नो निकायका सम्बन्धमा आवश्यक सुझाव यथाशिघ्र पठाउने।

२०८२/१०/६

प्रमुख सचिव